राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४


वर्ष ७ अंक ७९ २०८२ असोज २९ गते बुधवार (15 Oct. 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी

दैनिक समाचारदाता
काठमाडौँ २८ असोज । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएका छन् ।

पार्टी कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसमिति बैठकमा खड्कालाई विधान अनुसार कार्यवाहक सभापतिको जिम्मेवारी दिएको घोषणा गरेको सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाले जानकारी दिइन् ।

यसैबीच कांग्रेसको केन्द्रीय



कार्यसमिति बैठक बिहिबारसम्म स्थगित भएको छ ।

आज सभापति देउवाले सम्बोधन गरेपछि बैठक असोज ३० गते दिउँसो एक बजेसम्मका लागि स्थगित गरिएको हो ।

## जनमत पार्टीको आन्तरिक लोकतन्त्र कमजोरः मुख्यमन्त्री सिंह

दैनिक समाचारदाता
जनकपुरधाम, २८ असोज । मधेसका मुख्यमन्त्री सतिशकुमार सिंहले जनमतको आन्तरिक लोकतन्त्र कमजोर भएको भन्दै यस्तै प्रवृति रहे पतन हुने बताएका छन् ।

पदबाट राजीनामा घोषणा गर्नुअघि प्रदेशसभा बैठकमा बोल्दै उनले यस्तो बताएका हुन् ।

उनले पार्टीले गरेको असहयोग र राजीनामामा प्रकरणबारे कडा रुपमा संकेत गरे ।

उनले भने, 'मलाई एक वचन पनि नसोधीकन सरकारबाट समर्थन फिर्ता लिएको र मलाई सरबारबाट फिर्ता बोलाएको एउटा पत्र सामाजिक सञ्जालमा छ्यापछ्याप्ति बनाइयो। त्यो पत्र मेरोविरूद्ध प्रचञ्रुच गर्ने भाष्यको अध्याय थियो। '

उनले जनमत पार्टीको केन्द्रीय नेतृत्व र प्रदेशमा संसदीय दलको नेताले गरेको एकल निर्णयप्रति पनि कडा टिप्पणी गरे। ' म मुख्र्यमन्त्री भएपछि



पार्टीकै निर्देशनमा राज्र्यमन्त्री नियुक्त गरे र पार्टीकै निर्देशनमा हटाए। तर उक्त विषयमा आफ्नो गल्ती ढाकछोप गर्न पार्टी र नेतृत्वले मलाई स्पष्टीकरण सोधेर मेरो चरित्र हत्या गर्‍यो।' उनले गुनासो गरे।

बजेट बनाउने बेला ५ लाखसम्मको समेत बजेट नराख्न पार्टी अध्यक्ष राउतलाई सुझाँव दिँदा उल्टै बजेट राख्नेलाई नै प्रोत्साहन गरेको उनले आरोप लगाए। उनल भने, ' मैले पर्यटन मन्त्रालयमा बजेटलाई टुक्रे योजना बनाइ ५/५ लाख बजेट राख्ने कार्य भइरहेको भन्दै पार्टी अध्यक्षलाई जानकारी गराउँदा उल्टै आरोपको सिकार भए र उनीहरूलाई प्रोत्साहन गरियो। त्यसकारण कसको निर्देशनमा टुक्रे बजेट आयोजना राखियो भन्ने प्रष्ट हुन्छ।

# प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्चमा ६ रिट, जेनजी आन्दोलन दमनमाथि पनि मुद्दा

दैनिक समाचारदाता
काठमाडौँ, २८ असोज । सर्वोच्च अदालतमा आजदेखि रिट निवेदन दर्ता खुलेसँगै प्रतिनिधिसभा विघटनविरुद्ध हालसम्म ६ वटा रिट निवेदन पेस भएका छन् ।

गत भदौ २४ गते सर्वोच्च अदालतमा भएको जेनजी प्रदर्शनका क्रममा आगजनी, तोडफोड र लुटपाटबाट क्षति भएपछि अत्यावश्यकबाहेक सबै प्रकारका रिट दर्ता र सुनुवाइ रोकिएको थियो ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार प्रतिनिधिसभा विघटनविरुद्ध दर्ता गरिएका ६ वटा रिट निवेदन अहिले अध्ययनमा रहेका छन् । असोज २६ गते प्रधान न्यायाधीश प्रकाशमान सिंह राउतसहित




सम्पूर्ण न्यायाधीशको पूर्ण बैठक (फुल कोर्ट)ले रिट दर्ता र सुनुवाइ खुला गर्ने निर्णय गरेसँगै आजदेखि दर्ता पुनः सुरु भएको हो ।

यसैबीच, गत महिनाको जेनजी आन्दोलन दमनमा संलग्न व्यक्तिमाथि फौजदारी अनुसन्धान गर्न आदेश जारी गराउन सर्वोच्चमा छुट्टै रिट निवेदन पेस भएको छ । सिन्धुपाल्चोकका युवराज पौडेलले दर्ता गरेको उक्त रिटमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, प्रहरी महानिरीक्षक र काठमाडौंका प्रमुख जिल्ला अधिकारीमाथि अनुसन्धान गर्न माग गरिएको छ ।

पौडेलले राष्ट्रपतिले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्री नियुक्त गरेको निर्णय बदर गर्न र आन्दोलन दमनमा संलग्न व्यक्तिमाथि कानुनी कारबाही गर्न माग गरेका छन् । रिट निवेदनमा भनिएको छ, 'उक्त कार्य गर्न अवरोध सिर्जना गर्ने गरी नेपाल सरकार वा कुनै मन्त्रालयबाट निर्णय भएको रहेछ भने खुलाउन लगाई सो निर्णय बदर गरी पाऊँ ।'

सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटन र जेनजी आन्दोलन दमनसम्बन्धी रिट निवेदनहरू एकपछि अर्को दर्ता हुन थालेसँगै देशको राजनीतिक र न्यायिक परिवेश फेरि चर्किएको संकेत देखिएको छ ।

## १२ अर्ब ४५ करोडभन्दा बढीको पेट्रोलियम पदार्थ बिक्री

वीरेन्द्र कर्ण
जनकपुरधाम, २८ असोज । नेपाल आयल निगमको महेन्द्रनगर धनुषा डिपो कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा १२ अर्ब ४५ करोड ८६ लाख २ सय २५ रुपैया मूल्य बराबरको ४८ करोड ५३ लाख ६ हजार ९ सय ६ लिटर पेट्रोलियम पदार्थ पेट्रोल, डिजल र मटितेल बिक्री गरेको छ ।

यसैगरी सो कार्यालयले चालु आ.ब.को साउन र भदौ महिनामा एक अर्ब ३५ करोड ४० लाख ८ सय ७५ रुपैया मूल्य बराबरको ६७ लाख ८५ हजार ५ सय ४ लिटर पेटोल, डिजल र मटितेल बिक्री गरेको डिपो प्रमुख रंजित कापडिले बताउनुभयो ।

धनुषा र महोत्तरीमा रहेको ८७ वटा पेट्रोल पम्प मार्फत उक्त परिणामको तेल बिक्री गरेको हो । नेपाल आयल निगम मधेश प्रदेश कार्यालय अम्लेखगंज बाराबाट महेन्द्र नगर डिपोमा उक्त तेल आउने गरेको र यहाँबाट व्यापारीहरुले लग्ने गरेको बताइएको छ ।




## बागमतीमा मन्त्रालय संख्या घटाउने तयारी

दैनिक समाचारदाता
हेटौडा, २८ असोज । बागमती प्रदेशमा मन्त्रालय संख्या घटाउने तयारी तीव्र भएको छ । सत्तारुढ दल नेपाली कांग्रेस र नेकपा (एमाले) मन्त्रालय संख्या घटाउने सहमतिमा पुगेका छन् ।

२०७४ सालमा ७ वटा मन्त्रालयबाट प्रारम्भ भएको बागमती सरकार अहिले १४ मन्त्रालयमा पुगेको छ । तर, पछिल्ला वर्षमा दोब्बर बढेको मन्त्रालय संख्या फेरि झारेर लगभग आधा बनाउने सहमति भएको हो ।






गत २४ असोजमा हेटौंडामा बसेको कांग्रेस र एमाले संसदीय दलको संयुक्त बैठकमा मन्त्रालय संख्या घटाउने प्रस्ताव पेश गरिएको थियो । आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार संयुक्त बैठकमा प्रशासनिक पुनर्संरचनाबारे व्यापक छलफल भयो र ७ वटा मन्त्रालय बनाउने प्रस्ताव कांग्रेस(एमाले दुवैबाट आएको हो ।

एमाले संसदीय दलले संयुक्त

बाँकी ४ पृष्ठमा


## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# मधेशको भविष्य कृषिमा निहित छ

मधेश प्रदेश कृषि उत्पादनको दृष्टिले देशकै मुटु हो । समथर भू-भाग, उपजाउ जमिन, प्रचुर जलस्रोत र अनुकूल मौसमले यस प्रदेशलाई नेपालको अन्नभण्डारको रूपमा चिनाएको छ । तर विडम्बना के छ भने, त्यही मधेश आज जलवायु परिवर्तन, सरकारी उदासिनता र नीतिगत कमजोरीका कारण कृषिमा संकटको डिलमा उभिएको छ । हालै जनकपुरधाममा सम्पन्न “जलवायु परिवर्तन, कृषि प्रणाली र कृषिमा युवा सहभागिता” सम्बन्धी विस्तृत छलफलले यही कठोर यथार्थलाई उजागर गरेको छ ।

सहभागीहरूका अनुसार राज्यको दीर्घकालीन लापरबाहीका कारण कृषि उत्पादनमा गिरावट आएको छ । मल, बीउ र प्राविधिक सहयोग समयमै नपाइनु, अनुसन्धान र प्रसार संरचनाको अभाव, किसानलाई प्रोत्साहन नदिनु, र कृषि बीमा प्रणाली सीमित हुनुजस्ता कारणहरूले कृषिलाई संकटतर्फ धकेलेको छ । त्यसमाथि जलवायु परिवर्तनले खेतीयोग्य समय, पानीको उपलब्धता र बालीको उत्पादनमा ठूला चुनौतीहरू थपेको छ ।

यस्तो अवस्थामा छलफलले उठाएको अर्को महत्वपूर्ण विषय हो– कृषि क्षेत्रमा सञ्चारमाध्यमको भूमिका। सञ्चारमाध्यमलाई चौथो अंगको मान्यता दिइए पनि कृषिको क्षेत्रमा यसको प्रभावकारिता अपेक्षाकृत कमजोर रहेको तथ्य कार्यक्रमका सहभागीहरूले औंल्याए । कृषि प्रधान प्रदेशमा कृषि पत्रकारिताको विकास नहुनु स्वयं राज्य र सञ्चार संरचनाको कमजोरी हो । जब कृषकका समस्या मुखरित हुँदैनन्, नीति-निर्माणमा तिनको आवाज कमजोर पर्छ, र यसैका परिणामस्वरूप कृषि प्राथमिकता सूचीको पछाडि पर्छ ।

आज मधेशका किसानहरू बढ्दो तापक्रम, अनियमित वर्षा, मल र बीउको अभाव, बजार व्यवस्थापनको समस्या, र प्राविधिक सहयोग नपाएर निराश भइरहेका छन् । त्यहीबेला सरकारी नीति अझै घोषणापत्रमै सीमित छन् । कृषि उत्पादनमा आत्मनिर्भर बन्न सक्ने सम्भावना बोकेको प्रदेशमा तीनै तहका सरकारको ध्यान पर्याप्त छैन भन्ने आरोप सहभागीहरूले गर्नु अस्वाभाविक होइन ।

कृषि पत्रकारिता केवल समाचार लेख्ने विषय होइन । यो कृषकका आवाजलाई नीति तहमा पु¥याउने सेतु हो । यो बीउ-मल नपाउने किसानको समस्या सरकारसमक्ष पु-याउने माध्यम हो । यो बजारमा उत्पादन नबिक्दा घाटा खेप्ने किसानको पीडा देशले सुन्ने मञ्च हो । यो जलवायु परिवर्तनका असरबारे चेतना फैलाउने शक्ति हो । मधेशमा कृषि पत्रकारिता सशक्त भएमा कृषकका मागहरू नीतिगत प्राथमिकतामा पर्न सक्छन् । त्यसैले अब राज्यले कृषि उत्पादन मात्र होइन, कृषि सूचना प्रवाहमा पनि लगानी गर्न जरुरी छ । कृषि प्रसार प्रणालीलाई बलियो बनाउने, स्थानीय तहमा कृषि पत्रकारितालाई प्रोत्साहन दिने, किसान-पत्रकार-प्राविधिक र नीतिनिर्माताबीच सहकार्यका प्लेटफर्म निर्माण गर्ने समय आएको छ ।

मधेशले देशलाई अन्नभण्डार बनाएको इतिहास छ । यदि यस इतिहासलाई भविष्यमा रूपान्तरण गर्न चाहिन्छ भने जलवायु परिवर्तनसँग अनुकूलन गर्ने नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ, कृषिमा लगानी बढाउनुपर्छ र कृषकका आवाजलाई नीतिगत निर्णयको केन्द्रमा राख्नुपर्छ ।

सञ्चारमाध्यम र पत्रकारिताले कृषकका आवाजलाई नीतिगत स्तरमा पु-याउने नेतृत्व लिए मात्र मधेश कृषि समृद्धिको बाटोमा फर्कन सक्छ । राज्यको गम्भीर ध्यान, सञ्चारको सक्रियता र कृषकको सहभागिताले मात्र मधेशलाई पुनः समृद्ध अन्नभण्डार बनाइराख्न सक्नेछ ।

# जेनजी आन्दोलन : नयाँ संश्लेषण र समाजवाद



हरिबोल गजुरेल

भाद्र २३ र २४ को जेनजी आन्दोलनले नेपालका वर्तमान राजनीतिक पार्टीहरुको जीवनमा रहेका वैचारिक र संगठनात्मक संकटको प्रत्यक्ष परिणाम देखायो। यो आन्दोलन कुनै दलको आयोजनाबाट होइन, असमानता, भ्रष्टाचार, सरकारी उदण्डता र जनताप्रतिको बेवास्ता कारण उत्पन्न अव्यवस्थाका विरुद्ध जनमानसमा जम्मा भएको असन्तुष्टिको स्वतःस्फूर्त विस्फोट थियो। सामाजिक सञ्जालमाथिको प्रतिवन्धले यसमा थप प्रज्वलन थप्यो।

सत्ताधारी दलहरू- एमाले र नेपाली कांग्रेसले यस आन्दोलनलाई भूराजनीतिक चलखेलको परिणाम ठहर गर्दै “उछृङ्खल” र “अराजक” भन्ने संज्ञा दिए। तर, नेपाली कांग्रेसले अन्तिम क्षणसम्म प्रधानमन्त्री केपी ओलीको नरसंहारमा साथ दिँदै आफ्नो विरोधाभास र वैचारिक दिवालियापन प्रकट गऱ्यो। आज ती दलहरू जेनजी आन्दोलनको मुख्य निशाना बनिरहँदासमेत अझै होसमा आएका छैनन् ।

प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले सामाजिक सञ्जालमाथिको प्रतिवन्धको विरोध गऱ्यो । भाद्र २३ गतेको जेनजी माथिको दमन र नरसंहारको निन्दा गर्दै आन्दोलनप्रति ऐक्यबद्धता जनायो र केपी ओलीको राजीनामा माग गऱ्यो। तर, माओवादीले आन्दोलनमा सक्रिय सहभागिता र नेतृत्वको अवसर गुमायो। फलस्वरूप “एमाले, कांग्रेस र माओवादी उस्तै हुन” भन्ने भाष्य खडा गर्नेलाई बल मिल्यो ।

यो चुनौतीलाई अझै पनि अवसरमा बदल्न सकिन्छ । तर, जेनजी आन्दोलनको ऐतिहासिकतालाई आत्मसात गर्ने रूपान्तरणको ठोस योजनाविना यो आन्दोलनले पूर्ण प्रभाव दिन सक्दैन।

जनताको असन्तोषले स्पष्ट सन्देश दिएको छ- जब पार्टीहरू संश्लेषण र आत्मसमीक्षाबाट टाढा जान्छन्, तब आन्दोलन र जनआक्रोश नै नयाँ संश्लेषणको रूपमा उदाउँछ।

### *राजनीतिक पार्टी र संगठनात्मक भिन्नता*

राजजनीतिक पार्टीहरू समाजका वर्गीय हित र चेतनाका प्रतिनिधि हुन्। तर, सबै पार्टीहरूको संगठनात्मक चरित्र समान हुँदैन। बुर्जुवा पार्टीको आन्तरिक जीवन प्रतिस्पर्धा, बहुलता र सम्झौतामा आधारित हुन्छ भने कम्युनिस्ट पार्टीको जीवन-स्रोत विचार, अनुशासन र संश्लेषणमा निहित हुन्छ। यो भिन्नता बुझ्न नसक्दा धेरै कम्युनिस्ट आन्दोलनहरू समयक्रममा विचारभन्दा सत्ताको राजनीतिमा सीमित बनेका छन् र अन्ततः पतन भएका छन्।

यसको विपरीत, क्रान्तिकारी शुद्धताको एकोहोरो माला जप्ने पार्टीहरू जनताबाट अलग-थलग परेर प्रगतिशील साहित्यकार खगेन्द्र सङ्ग्रौलाको “टुप्पी कथा” का पात्रजस्तै मात्र रहिरहे।

### *बुर्जुवा पार्टी र स्थायी गुटबन्दी*

बुर्जुवा पार्टीहरूमा स्थायी गुटबन्दी नकारात्मक होइन, बरु संस्थागतरूपमा आवश्यक मानिन्छ। गुटबन्दी नीतिनिर्माणमा विविध दृष्टिकोण ल्याउने माध्यम हो। चुनावी प्रणाली र सत्ताको सन्तुलनमा आधारित संसदवादी पार्टीहरूको जीवनमा प्रतिस्पर्धा नै प्रेरक आधारभूत शक्ति हो। त्यसैले उनीहरूका स्थायी गुटहरू विचार, बहस र शक्ति सन्तुलनका संवैधानिक संयन्त्र जस्तै हुन्। बुर्जुवा पार्टीहरूले विश्लेषण र निष्कर्षमा विश्वास गर्छन् । मतभिन्नतालाई अन्ततः सम्झौता वा बहुमतमार्फत टुंग्याइन्छ।

### *कम्युनिस्ट पार्टी र संश्लेषणको सिद्धान्त*

कम्युनिस्ट पार्टी वर्गसंघर्षको संगठित रूप हो, जसको अन्तिम उद्देश्य केवल सत्ता प्राप्ति होइन, समाजको अग्रगामी रूपान्तरण हो।

पार्टीभित्र विचार-संघर्ष अपरिहार्य छ तर स्थायी होइन, संश्लेषणात्मक हुनुपर्छ। क्रान्तिकारी कम्युनिस्ट पार्टीका लागि बहुमत र अल्पमत प्राविधिक विषय मात्र हुन्।

लेनिनले १९०२ मा भन्नुभएको छ ‘क्रान्तिकारी सिद्धान्तबिना क्रान्तिकारी आन्दोलन निर्माण हुन सक्दैन।’ जसको अर्थ हो, विचार स्थायित्व मात्र होइन, निरन्तर विकास आवश्यक छ। यही विकास नै संश्लेषणको मार्ग हो।

कम्युनिस्ट पार्टीमा अस्थायी विचार समूहहरू बन्नु सैद्धान्तिक मान्यताको दायराभित्र पर्छ। ती समूहहरूले वैचारिक स्पष्टताका लागि तथ्य र तर्क प्रस्तुत गर्छन्। तर यी समूहहरू स्थायी भएमा संश्लेषण असम्भव हुन्छ र विचार समूहहरू गुटमा पतन हुन्छन् ।

संश्लेषण भनेको विचार-संघर्षको अन्तिम चरण हो, जहाँ भिन्न मतहरू एकीकृत वैचारिक नीतिमा रूपान्तरण हुन्छन्। माओले यसै सन्दर्भमा भनेका थिए, ‘हजारौं फूलहरू फुल्न देउ, सयौं विचारबीच प्रतिस्पर्धा गर्न देउ।’ तर, यसको अर्थ अराजक बहस होइन, संश्लेषणतर्फ लैजाने सिर्जनशील वैचारिक संघर्ष हो ।

### *स्थायी गुटबन्दी र विचार विकासमा अवरोध*

कम्युनिस्ट पार्टीभित्र स्थायी गुटबन्दी रह्यो भने विचार संघर्ष शक्ति संघर्षमा रूपान्तरण हुन्छ। बहस विचार र पार्टीको उन्नतिका लागि होइन, पद, प्रभाव र स्वार्थका लागि केन्द्रित हुन्छ।

यस अवस्थामा पार्टीभित्रको वैचारिक जीवन मर्छ, केवल संरचना र पदको राजनीति बाँकी रहन्छ। मार्क्सवादी संगठन सिद्धान्तमा यसलाई ‘जनवादी केन्द्रीयताको ब्युरोक्रेटिक ह्रास’ भनिन्छ। लेनिनले यस विषयमा चेतावनीसहित भन्नुभएको थियो, ‘छलफलमा स्वतन्त्रता, काम कारबाहीमा एकरुपता।’

जब विचारको स्वतन्त्रता मर्छ र काम कारबाहीमा मात्र आदेशको पालन गरिन्छ र पार्टी यान्त्रिक, निरंकुश एवं निष्प्राण बन्छ।

### *लेनिन र स्टालिन : संश्लेषण र नियन्त्रणबीचको भिन्नता*

लेनिनको नेतृत्वमा बोल्सेभिक पार्टी विचार र संगठनको सन्तुलनमा उभिएको थियो। विचार संघर्षलाई उहाँले पार्टीको जीवनको स्वास-प्रश्वास ठान्नुहुन्थ्यो। त्यसैले लेनिनको कालमा पार्टी बहस जीवन्त, तर एकीकृत थियो र संश्लेषणद्वारा एकता कायम राखियो।

तर, स्टालिनको उत्तरार्धमा पार्टीमा विचार संघर्षलाई नियन्त्रण र भयद्वारा प्रतिस्थापन गरियो। मतभिन्नतालाई वैचारिक बहसको साटो ‘द्रोह’ ठानियो, आलोचनालाई ‘अनुशासनहीनता’ को रूपमा बुझियो। परिणामस्वरूप, स्टालिनकालमा पार्टीले “डण्डा अनुशासन” मार्फत् उत्पादन विस्तार त देखायो तर वैचारिक सिर्जनशीलता र क्रान्तिकारी गतिशीलता हरायो। अवसरवादीहरूले नेतृत्वको वरिपरि घेरा विस्तार गर्दा निर्णय मनोगत भए र समाजमा गत्यावरोध पैदा भयो।

इतिहासकारहरूको टिप्पणीअनुसार ‘लेनिनले एउटा जीवित पार्टी निर्माण गर्नुभयो, स्टालिनले त्यसलाई यन्त्रवत सञ्चालन गर्नुभयो।’

### *निष्कर्ष : संश्लेषण नै पार्टीको जीवन*

साँचो अर्थमा कम्युनिस्ट पार्टी निरन्तर संश्लेषण गर्ने पार्टी हो, स्थायी एकताको होइन। विचार संघर्षलाई रोक्नु होइन, संश्लेषणको दिशामा लैजानु यसको आत्मा हो।

स्थायी गुटबन्दीले पार्टीमा अस्थिरता मात्र ल्याउँछ, तर वैचारिक संघर्षले पार्टीलाई नयाँ जीवन दिन्छ। मार्क्सले भन्नु भएको थियो, ‘दर्शनशास्त्रीहरूले केवल संसारको व्याख्या गरेका छन्, तर मुख्य कुरा भनेको यसलाई परिवर्तन गर्नु हो।’

क्रान्तिकारी कम्युनिस्ट पार्टीले लेनिनले निर्माण गरेझैँ, विचार र अभ्यासबीचको द्वन्द्वात्मक बहसको संश्लेषणमा विश्वास गर्नुपर्छ। जब संश्लेषण बन्द हुन्छ, पार्टी बाँच्छ तर विचार मर्छ। विचार मरेपछि पार्टी केवल यान्त्रिक र नामको मात्र संस्था रहन्छ।

क्रान्तिकारीहरुले विचारको प्रकाशमा व्यवहारलाई अगाडि बढाउँछ, र क्रान्ति सफल हुन्छ । तर, व्यवहारवादले क्रान्तिकारी विचारको हत्या गर्छ, र जडसूत्रवादले क्रान्तिकारी व्यवहारको हत्या गर्छ, जसले पार्टीलाई ‘घर न घाटको’ बनाउँछ।

नेपालको कम्युनिस्ट आन्दोलन स्थापनाकालदेखि नै यी दुई अतिवादी भड्कावविरुद्ध संघर्ष गर्दै गन्तव्यतर्फ अग्रसर छ। यसर्थ निराश हुन आवश्यक छैन । राजनीतिप्रति चासो राख्न छाडेका जेनजीहरु राजनीतिमा तानिएका छन्, यो सबभन्दा खुसीको कुरा हो ।

समाजवाद बाहेक मानव जातिको रक्षा गर्ने अर्को बाटो छैन । समाजवादी क्रान्ति अजेय छ भन्ने कुरा जेनजीहरुलाई बुझाउन सकियो भने युगले कोल्टे फेर्नेछ । वर्तमानमा जेनजी र माओवादी केन्द्रका एजेण्डा समान छन् । यसर्थ, ढिलो-चाँडो उनीहरुले बुझ्ने छन्, धर्यतापूर्वक अगाडि बढौं !

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# राष्ट्रियता र लोकतन्त्रका निमित्त कांग्रेसले कहिल्यै कसैसँग कुनै सम्झौता गर्दैन : सभापति देउवा

काठमाडौँ, २८ असोज । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रियता र लोकतन्त्रका पक्षमा कांग्रेसले कहिल्यै कसैसँग कुनै सम्झौता नगरेको बताउनुभएको छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिको आजको बैठकमा उहाँले जुनसुकै कालखण्डमा पनि देशमा उत्पन्न विषम परिस्थितिलाई ठीक ढङ्गले पहिचान गर्ने र मुलुकलाई जटिलताबाट सहजतातर्फ पुऱ्याउने कांग्रेसको विशेषताले नै पार्टीलाई सदैव जनताको प्यारो पार्टीका रुपमा स्थापित गरिरहेको उल्लेख गर्नुभयो ।



'जेनजी' आन्दोलनका क्रममा साङ्घातिक हमलामा परी घाइते हुनुभएका उहाँ आज पहिलोपटक सार्वजनिक रुपमा देखिनुभएको हो । उक्त आन्दोलनपछि पहिलो पटक भएको कांग्रेस केन्द्रीय समिति बैठक आज बसेको हो । उहाँले लोकतन्त्र प्राप्तिको सङ्घर्षमा होस् वा देशमा भएका सबै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको आन्दोलन होस्, सदैव सही एजेण्डा तय गरी देशलाई उचित गन्तव्यमा पुऱ्याउन कांग्रेस सफल भएको बताउनुभयो ।

"अहिले हामी केन्द्रीय कार्यसमितिको बैठक गरिरहँदा देशभित्र र विश्वभरी फैलिएर रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीसहित संसारको आँखा यो बैठकतर्फ आकृष्ट भएको मैले अनुभूति गरेको छु" , सभापति देउवाले भन्नुभयो, "त्यसैले पनि हामीले समसामयिक राजनीतिको सही विश्लेषण गरेर मुलुकलाई उचित निकास दिने गरी निर्णय गर्न आवश्यक छ । यस बैठकबाट कांग्रेसले आफ्नो इतिहासमा आर्जित विश्वनियतालाई पुर्नपुष्टि गर्नुपर्दछ ।"

मुलुकको यो विषम अवस्थामा तोडफोड, लुटपाट र आगजनी गरी खरानी भएर भग्नावषेशको रुपमा बाँकी रहेको केन्द्रीय कार्यालयमा बैठक बसिरहेको उल्लेख गर्दै उहाँले यसले पक्कै पनि सबैलाई स्तव्ध बनाएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "म सबैभन्दा पहिले भदौ २३ र २४ गतेको घटनामा परी ज्यान गुमाउनु हुने सबैमा श्रद्धाञ्जली व्यक्त गर्दछु । दुःखको यस घडीमा शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । घटनामा घाइते हुनुभएका सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।"

*'घुसपैठले अर्कै रुप लिँदा निर्दोष नवयुवकहरुको ज्यान गयो'*

गत भदौ २३ गते जेनजीको शान्तिपूर्ण प्रदर्शनको क्रममा घुसपैठ भएको र प्रदर्शनले अर्कै रुप लिँदा निर्दोष नवयुवकहरुको ज्यान गएको बताउँदै सभापति देउवाले यस घटनाले आफूलाई मर्माहित बनाएको उल्लेख गर्नुभयो । गत भदौ २४ गते बिहानैदेखि राष्ट्रपति भवन, सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, विभिन्न मन्त्रालयलगायत राजनैतिक दलका विभिन्न कार्यालयहरु, नेताहरुको निजी घर डेरा, सञ्चार गृहलगायत व्यावसायिक तथा व्यापारिक प्रतिष्ठानहरुमा आक्रमण, तोडफोड, लुटपाट र आगजनी गरिएको अकल्पनीय घटनाको निन्दा गर्नुभयो । यसबाट जनधनको अपूरणीय क्षति भएको र सम्भवतः यो नेपालको इतिहासमै एउटा डर लाग्दो दिनका रुपमा लिपिबद्ध हुने उहाँको भनाइ थियो ।

केन्द्रीय कार्यालयसहित ४८ जिल्लाका कांग्रेस पार्टी कार्यालय र करिब एक सय २५ जना नेता साथीहरुको निजी घर र डेरामा आक्रमण, तोडफोड, लुटपाट र आगजनी गरिएको सभापति देउवाले जानकारी गराउनुभयो । नेपालको प्रजातान्त्रिक क्रान्ति, सङ्घर्ष र आन्दोलनका ऐतिहासिक स्थानका रुपमा परिचित विराटनगरस्थित कोइराला निवास, काठमाडौँ चाक्सीबारीस्थित गणेशमानसिंह निवास र ललितपुर बाँडेगाउँस्थित सन्त नेता कृष्णप्रसाद भट्टराईको आश्रम पनि जलाएर खरानी बनाइएको घटनाले झन् मर्माहत बनाएको उहाँले बताउनुभयो । नागरिकको जीउधनको सुरक्षा गर्ने जिम्मेवारी बोकेका सुरक्षाकर्मीको हुर्मत लिने, हातहतियार लुट्ने र नागरिकको निजी सम्पतिमाथि तोडफोड लुटपाट र आगजनी गरिएको बताउँदै उहाँले यी दुबै दिनका घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन माग गर्नुभयो ।

*'राष्ट्रपतिको भूमिकाले अर्को सङ्कट रोकिएको छ'*

सभापति देउवाले गत भदौ २४ गतेको कठिन अवस्थामा महत्वपूर्ण भूमिका खेल्नुभएकामा राष्ट्रपति रामचन्द्र पौडेललाई बैठकमार्फत धन्यवाद दिनुभयो । त्यो प्रतिकूल समयमा उहाँको परिपक्व भूमिकाले मुलुकमा देखा पर्नसक्ने अर्को सङ्कट टरेको उहाँले उल्लेख गर्नुभयो । जेनजी पुस्ताले देशमा सुशासन र भ्रस्टाचारमुक्त वातावरण सुनिश्चित हुनुपर्ने, अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित हुनुपर्ने जायज मागलाई सम्बोधन गरिनुपर्ने उहाँको धारणा थियो । उहाँहरुको मुलुकप्रतिको चासो र चिन्ताको सम्बोधन गर्नैपर्ने र यस विषयमा पनि कांग्रेसको बैठकमा छलफल हुने सभापति देउवाले जानकारी दिनुभयो ।

यो अकल्पनीय एवं अमानवीय र त्रासदिपूर्णरुपमा भएको घटना आकस्मिक वा स्वतस्फूर्त भन्दा पनि सुनियोजित र योजनाबद्ध नै थियो भन्ने कुरा घटनापछि बाहिर आइरहेका तथ्यहरुले पुष्टि गर्न थालेका सभापति देउवाले बताउनुभयो । यसको यथाशीघ्र थप अध्ययन अनुसन्धान गरिनुपर्ने र यो अनुसन्धान कसैलाई तत्कालीन नाफा घाटाभन्दा पनि मुलुकको सर्वोपरी हितलाई केन्द्रमा राखेर अघि बढ्नुपर्ने उहाँले बताउनुभयो । देशमा सबै महत्वपूर्ण अङ्गहरुको मनोबल गिरेको अवस्थामा देशका सबै अङ्ग वा निकायको मनोवल उच्च राख्ने गरी काम गर्नुपर्ने र अदालत, सुरक्षा निकायलगायत सबै निकायलाई उच्च मनोवल साथ काम गर्न आह्वान गर्नुभयो । सभापति देउवाले विगत ८० वर्षमा कांग्रेस नेपालको सबैभन्दा विश्वसनीय, नेपाली जनताको आस्थाको केन्द्र र सबैभन्दा ठूलो र मियो पार्टीका रुपमा रहँदै आएको बताउनुभयो । उहाँले कांग्रेसको एकता आजको आवश्यकता भएको बताउँदै देशमा सङ्कट उत्पन्न भएको वर्तमान अवस्थामा हाम्राबीचमा विद्यमान व्यक्तिगत वा समूहगत मतभेद, द्वन्द्व, असहमति सबैलाई थाँती राखेर एकतावद्ध हुनुपर्ने बताउनुभयो ।

उहाँले अहिले हाम्रा बीचमा व्यक्तिगत वा समूहगत रुचि-अरुची, हित-अहित वा लाभहानीका सबै विषय गौण भएको बताउँदै पार्टीका सबै साथीहरुलाई विषयवस्तुमा व्यापक छलफल गर्न, एकमतका साथ निर्णयमा पुग्न र ठोस् ढङ्गले निर्णयको कार्यान्वयन गर्न आग्रह गर्नभयो ।

*'पार्टी नेतृत्व विधिवत् रुपमा हस्तान्तरण गर्छु'*

सभापति देउवाले भन्नुभयो, "पार्टीको आन्तरिक जीवन, आगामी १५औँ महाधिवेशन र नेतृत्व हस्तान्तरणका सवालहरु उठेका छन् । म साथीहरुलाई के आग्रह गर्न चाहन्छु भने 'घरमा सधैँ एकै जना मूली रहँदैन' पार्टीमा पनि हमेसा एकै जना सभापति रहिरहँदैनन् । जहाँसम्म मेरो विषय छ, मैले पहिले नै हाम्रो वैधानिक व्यवस्थाले र मेरो राजनीतिक इच्छाले १५औँ महाधिवेशनबाट पार्टी नेतृत्व विधिवत् रुपमा हस्तान्तरण गर्छु भनिसकेको छु ।" आगामी १५औँ महाधिवेशनबाट आफूबाहेक अरु कुनै साथी सभापति बन्नुहुने र त्यसमा द्विविधा नभएको उहाँले स्पष्ट गर्नुभयो ।

उहाँले देशको वर्तमान विषम परिस्थितिमा कांग्रेसले आफूलाई एकतावद्ध, सुसङ्गठित बनाउँदै लोकतान्त्रिक व्यवस्थामा आस्थावान अन्य राजनीतिक दलहरुसँगसमेत संवाद र सहकार्य गर्नु आवश्यक रहेको बताउनुभयो ।

संविधानसभाबाट नेपाली जनताले निर्माण गरेको नेपालको संविधान जोखिममा परेको उल्लेख गर्दै सभापति देउवाले जननिर्वाचित सर्वोच्च संस्था प्रतिनिधिसभा असंवैधानिक तथा अलोकतान्त्रिक तवरले विघटन गरिएको बताउनुभयो ।

*'निर्वाचनका लागि आवश्यक वातावरण बनाउनुपर्छ'*

सरकारले आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्ने मिति तोकेको बताउँदै उहाँले स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचनको वातावरण तयार हुनुपर्नेमा जोड दिनुभयो । "निर्वाचनका लागि आवश्यक शान्ति सुरक्षा सुनिश्चित गर्ने र शान्तिपूर्ण निष्पक्ष एवं भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन्छ र सबैले स्वतः स्फूर्तरुपमा निर्वाचनमा भाग लिने अवस्था निर्माण हुन्छ भन्ने कुराको सुनिश्चिता गराउने जिम्मा सरकारको हो" उहाँले भन्नुभयो ।

यसतर्फ सरकारको ध्यान जानुपर्ने बताउँदै उहाँले सरकारले निर्वाचनका लागि वातावरण बनाउन सकेमा देशलाई पुनः संवैधानिक बाटोमा फर्काउने आधार निर्वाचन हो भन्ने विश्वास व्यक्त गर्नुभयो ।

बहुदलीय लोकतान्त्रिक व्यवस्थाकावाहक राजनीतिक दलहरुसँग सरकारले सार्थक संवादको वातावरण नबनाएको उल्लेख गर्दै उहाँले यस अवस्थामा कांग्रेसले अन्य राजनीतिक दलहरुसँग संवाद गरी आगामी योजनाबारे छलफल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । मुलुकमा सङ्कट आएका बेला त्यसको निकास पनि कांग्रेसले दिनेगरेको विगतको इतिहासलाई आत्मसात गर्दै सबै राजनीतिक दललाई एकमत बनाउनेतर्फ अघि बढ्न उहाँले आग्रह गर्नुभयो ।

आफू किशोर अवस्थादेखि नै राष्ट्रियता, लोकतन्त्र, विधिको शासनका लागि अनवरतरुपमा सङघर्षरत रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "म लोकतन्त्रका निमित्त राजनीतिमा होमिदा अहिलेको जस्तो सरल र सहज अवस्था थिएन । धेरै खालका दुःख, कष्ट, जेलनेल खाएर आएको व्यक्ति हुँ । सांसद, मन्त्री, प्रधानमन्त्री वा कांग्रेसको सभापति हुने ध्येयका साथ राजनीतिमा लागेको पनि होइन । मन, वचन र कर्ममा एकै उद्देश्य थियो, राष्ट्र, राष्ट्रियता र लोकतन्त्र ।"

देशमा लोकतन्त्र स्थापना भएका कारण साथीहरुको स्नेह र समर्थनले विभिन्न राजकीय पद प्राप्त गरेको उल्लेख गर्दै सभापति देउवाले आफूले राजनीतिमा निकै आरोह अवरोह व्यहोरेको बताउनुभयो । देशमा सङ्कट उत्पन्न हुँदा सदैव देश र जनताका पक्षमा दृढतापूर्वक उभिएको उल्लेख गर्दै उहाँले अझै पनि देश र जनताका लागि समर्पित रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

*'मुलुक र जनताका पक्षमा गरेका कामप्रति वर्ग छ'*

"मैले कांग्रेसलाई सधैँ सबै जात, क्षेत्र, लिङ्ग र समुदायको नेपाली मौलिकतासहितको पार्टी बनाउने प्रयास गरेँ, चाहे पार्टीभित्र 'कदमजम'को नीति लागू गरेर होस् कि केन्द्रदेखि वडासम्म पार्टीका संरचनाहरुमा आरक्षणको व्यवस्था गरेर अधिकतम् समावेशी बनाउने अभियान नै चलाए । म यस काममा गर्व पनि गर्न चाहन्छु" सभापति देउवाले भन्नुभयो ।

उहाँले आफूले छोटो छोटो समयका लागि भए पनि पाँच पटक प्रधानमन्त्री हुने अवसर पाएको र पाँच पटक प्रधानमन्त्री हुँदा करिब एक कार्यकालको समय रहेको स्पष्ट पार्नुभयो । त्यसमा पनि अधिकांश चुनावी सरकारको नेतृत्व गरेको बताउँदै उहाँले त्यसका बावजुद पनि कतिपय क्षेत्रको सुधारमा कोशेढुङ्गाको काम गरेको अवगत गराउनुभयो ।"सामाजिक कुरीतिको रुपमा रहेको कमैया मुक्ति, छूवाछुतमुक्त नेपालदेखि सामाजिक रुपान्तरणका कतिपय कामको सुरुवात गर्न पाउँदा मलाई गर्व महसुस हुन्छ" , सभापति देउवाले भन्नुभयो, "नेपालमा भ्रष्ट्राचार निवारणका लागि म प्रधानमन्त्री हुँदा भ्रष्ट्राचार निवारण ऐन २०५९ जारी गरेको हुँ । नेपालमा भूमिमाथिको द्वैध स्वामित्वको अन्त्य गरेर वैज्ञानिक भूमिसुधार लागू गरेको हुँ । यसकै जगमा अहिले हदबन्दी लागू हुनुका साथै द्वैध स्वामित्व अन्त्य भएको हो ।" सभापति देउवाले आफू प्रधानमन्त्री र पार्टी सभापतिका रुपमा काम गर्दा नेपाली जनतालाई र पार्टीलाई केन्द्रमा राखेर नै काम गरेको बताउनुभयो ।

*'प्रतिष्ठा र छवि गिराउन सुनियोजित रूपमा झुटा प्रचार गरियो'*

सभापति देउवाले गत भदौ २४ गते सिङ्गो मुलुक जलेको बेला आफू र आफ्नो परिवारमाथि पनि ज्यानै लिने मनसायले साङ्घातिक हमला गरिएको र घरमा तोडफोड, लुटपाट र आगजनी भएको, सुरक्षाकर्मीको अथक प्रयासपछि उद्धार गरिएको जानकारी गराउनुभयो । उहाँले आफू र आफ्नो परिवारले कस्तो त्रासदीपूर्ण भौतिक आक्रमणको सामना गर्नुपरेको र त्यतिले नपुगेर कृतिम बौद्धिकता प्रविधिका माध्यमले आफूहरुको प्रतिष्ठा र छबि गिराउन सुनोयोजित रूपमा झुटा प्रचार गरिएको भनी दुःख व्यक्त गर्नुभयो । "मेरा राजनीतिक जीवनयात्रामा भोगेका विभिन्न कठिन क्षणहरु सम्झदा राष्ट्र, जनता र पद्धतिका लागि वैचारिक अडान लिँदा यस किसिमका अवस्था जुनसुकै बेला पनि आउँन सक्छ केवल सामना गर्ने साहस राख्नुपर्छ भन्ने मेरो मान्यता रहेको छ", उहाँले भन्नुभयो, "यो घटनाक्रम झट्ट हेर्दा म र म जस्तै हाम्रा र अन्य राजनीतिक दलका अनगिन्ती साथीहरु माथिको व्यक्तिगत आक्रमण जस्तो देखिए तापनि समग्रमा हेर्दा देश, पद्धति र पार्टी माथिको आक्रमण नै हो भन्ने मेरो ठहर छ ।"सभापति देउवाले आक्रमणकारीहरुको कब्जाबाट आफूलाई बचाउने घटनास्थलमा खटिएका सुरक्षाकर्मी तथा शुभचिन्तक सबैलाई धन्यवाद ज्ञापन गर्दै उहाँहरूको भूमिका जीवनभर स्मरण गरिरहने उल्लेख गर्नुभयो । सभापति देउवाले राष्ट्र, लोकतन्त्र र लोकतान्त्रिक शासन पद्धति गम्भीर सङ्कटमा परेको यस घडीमा पार्टीभित्र एकता कायम राख्नुपरेको बताउनुभयो । यसलाई ध्यानमा राखी आफ्नो पार्टीको विधानअनुसार तोकिएको समयमा १५औँ महाधिवेशन सम्पन्न गर्ने विषयमा केन्द्रीय समितिले गम्भीर छलफल गरी आवश्यक निर्णय लिने उहाँको भनाइ थियो । देशमा विद्यमान राजनीतिक परिस्थितिको मूल्याङ्कन गरी निकासमा लागि आवश्यकता अनुसार अन्य राजनैतिक दलहरुसँग पनि वार्ता, संवाद गर्ने उहाँले बताउनुभयो ।

*खड्का कार्यवाहक सभापति*

उहाँले आफ्नो स्वास्थ्यका कारणले पार्टीका उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिका रूपमा काम गर्ने गरी तोकेको घोषणा गर्नुभयो । साथै उहाँले पार्टीको बृहत्तर हितमा काम गर्नुहुने विश्वास पनि व्यक्त गर्नुभयो । रासस

# नेप्से परिसूचक १९ अङ्कले घट्यो

दैनिक समाचारदाता

काठमाडौँ, २८ असोज । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक १९ दशमलव ४३ अङ्कले घटेर दुई हजार ५२८ दशमलव १६ को बिन्दुमा कायम भएको छ ।

आज ३१७ कम्पनीको ७४ लाख ८८ हजार २७२ कित्ता शेयर ३८ हजार ८२७ पटक खरिदबिक्री हुँदा कारोबार रकम रु तीन अर्ब ३६ करोड ६१ लाख ९८ हजार २६२ मा खुम्चिएको छ ।

आज म्युचुअल फन्ड शून्य दशमलव ०६, व्यापार एक दशमलव ४८ र अन्य समूह शून्य दशमलव ७९ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ शून्य दशमलव ८२, विकास बैङ्क एक, वित्त एक दशमलव ४०, होटल तथा पर्यटन एक दशमलव ११, जलविद्युत् एक दशमलव ७१, लगानी एक दशमलव १६, जीवन बीमा र उत्पादन तथा प्रशोधन समूह समान शून्य दशमलव ९८, लघुवित्त शून्य दशमलव ७९ र निर्जीवन बीमा समूह एक दशमलव १० प्रतिशतले घटेको छ । आजको कारोबारमा शुभम् पावर लिमिटेड र ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छभने समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु ३२ करोड सात लाख ८३ हजार ७१६ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटर शेयर चार लाख ३३ हजार ९७ कित्ता खरिदबिक्री भएको छ ।

# एमाले केन्द्रीय कमिटी बैठक बुधबार बस्ने

दैनिक समाचारदाता

काठमाडौँ, २८ असोज । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को १०औँ केन्द्रीय कमिटी बैठक बुधबार बस्ने भएको छ ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार उक्त बैठक बिहान ११ बजे ललितपुरको जावलाखेलमा राखिएको जानकारी दिनुभयो । उहाँका अनुसार बैठकमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको समसामयिक राजनीतिक घटनाक्रम समेटिएको राजनीतिक प्रतिवेदन, राजनीतिक प्रस्ताव र विविध विषयमा छलफल गर्ने कार्यसूची छ । बैठकमा आसन्न पार्टीको राष्ट्रिय महाधिवेशनको बारेमा पनि छलफल हुने प्रमुख गौतमले बताउनुभयो ।

एमालेको यही असोज १२ गते बसेको सचिवालय बैठकले केन्द्रीय कमिटी बैठक आयोजना गर्ने निर्णय गरेको हो ।

# नेपाल वायुसेवा निगमद्वारा ध्यानाकर्षण

दैनिक समाचारदाता

काठमाडौँ, २८ असोज । नेपाल वायुसेवा निगमले यात्रु सङ्ख्या




कम भएको कारण अक्टोबर १९ को काठमाडौँ-ग्वाञ्जाओ उडान रद्द गरिएको भन्ने समाचार विभिन्न सञ्चारमाध्यममा प्रकाशन भएकोप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

निगमका प्रवक्ता सुवास डाँगीले सोमबार एक विज्ञप्ति जारी गरी नियमित उडान तालिकाबमोजिम १९ अक्टोबरको काठमाडौँ–ग्वाञ्जाओ उडान निगमको आन्तरिक कारणले रद्द गरिएको जानकारी दिनुभयो । उक्त उडानको सम्पूर्ण यात्रुलाई वैकल्पिक व्यवस्थाबाट व्यवस्थापन गरिएको समेत निगमले जनाएको छ ।

निगमले काठमाडौँ-ग्वाञ्जाओ-काठमाडौँ सेक्टरको नियमित उडान तालिकाबमोजिम १६ अक्टोबरको काठमाडौँ–ग्वाञ्जाओ उडानमा ६८ यात्रु र १७ अक्टोबरका लागि ग्वाञ्जाओ–काठमाडौँ उडानमा ४१ यात्रुहरुको टिकट बिक्री भइसकेको जनाएको छ ।

यसैगरी, २३ अक्टोबरको काठमाडौँ–ग्वाञ्जाओ र २४ अक्टोबरको ग्वाञ्जाओ–काठमाडौँ उडानमा क्रमशः ९३ र २० वटा टिकट बिक्री भइसकेको निगमको भनाइ छ ।

उक्त गन्तव्य नेपालका लागि नयाँ भएको र सो गन्तव्यको पूर्णरुपमा प्रचारप्रसार भइनसकेको हुँदा यात्रुहरुलाई सुसूचित गर्ने कार्य जारी रहेको निगमको भनाइ छ । सो गन्तव्यमा यात्रा गर्ने प्रयोजनका लागि टिकट बुकिङ गर्नेको सङ्ख्या वृद्धि भइरहेको सन्दर्भमा उक्त रुटलाई सफल बनाउन आमसञ्चारमाध्यमलगायत सम्बद्ध सबैसँग निगमले आग्रह गरेको छ ।

# जनस्वराज पार्टी दर्ता, जनप्रतिनिधिलाई सनाखत गर्न आयोगको निर्देशन

दैनिक समाचारदाता
काठमाडौँ, २८ असोज । जनमत पार्टीबाट विभाजन भएर गठन भएको जनस्वराज पार्टी दर्ता भएको जानकारी निर्वाचन आयोगले सो पार्टीलाई गराएको छ। दीपक साहको नेतृत्वमा २५ सदस्यीय कार्यसमिति सहित जनस्वराज पार्टी दर्ता भएको आयोगले जनाएको हो।

आयोगका अनुसार जनस्वराज पार्टीले माग गरेको झण्डामा निलो, सेतो र रातो रङ्गको ठाडो धर्का रहनेछ। जनस्वराज पार्टीले माग गरेको छाप गोलाकार हुनेछ, जसमा पार्टीको नाम अंकित हुनेछ र मध्य भागमा पार्टीको निर्वाचन चिह्न रहनेछ।

हाललाई जनस्वराज पार्टीले कुनै निर्वाचन चिन्ह माग गरेको नदेखिएकाले, आयोगमा दर्ता कायम रहेका दलहरूको चिन्हसँग नबाझिने गरी उपयुक्त चिन्ह प्रस्ताव गर्न आयोगले जनस्वराज पार्टीलाई निर्देशन दिने जनाएको



छ।

*जनप्रतिनिधिहरूलाई सनाखतका लागि निर्देशन*

त्यसैगरी, निर्वाचन आयोगले जनमत पार्टीबाट निर्वाचित प्रदेश सभा र स्थानीय तहका प्रतिनिधिहरूलाई निर्वाचन कार्यालयहरूमा गएर सनाखत गर्न भनेको छ। आयोगले दिएको पत्रमा भनिएको छ, 'नयाँ गठन भएको जनस्वराज पार्टीमा सो दल गठन हुनुभन्दा तत्काल जनमत पार्टीको तर्फबाट निर्वाचित प्रदेश सभा सदस्य वा स्थानीय तहका सदस्यले राजनीतिक दल सम्बन्धी नियमावली २०७४ को नियम ७ (क) बमोजिम प्रदेश निर्वाचन कार्यालयमा प्रदेश निर्वाचन अधिकारी समक्ष प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यले जिल्ला निर्वाचन कार्यालयमा जिल्ला निर्वाचन अधिकारी समक्ष स्वयं उपस्थित भई सनाखत गराउन प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन दिने।'

## अर्थमन्त्री खनाल र विश्व बैंकका उपाध्यक्षबीच भेटवार्ता

वासिङ्टन डिसी (अमेरिका), २८ असोज । अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र विश्व बैंक समूहका क्षेत्रीय उपाध्यक्ष जोहानस जुटबीच सोमबार यहाँ भेटवार्ता भएको छ ।

भेटवार्ताका क्रममा विश्वबैंकको सहयोगमा सञ्चालित विविध कार्यक्रमको सिंहावलोकन गर्नुका साथै आगामी दिनमा हुनसक्ने सहकार्य र साझेदारीको विषयमा छलफल भएको यहाँस्थित राजदूतावासले जनाएको छ ।

भेटघाटका अवसरमा अमेरिकाका लागि नेपालका राजदूत लोकदर्शन रेग्मी, दूतावासका प्रतिनिधिहरु, मन्त्री खनालका भ्रमणदलका सदस्य, विश्व बैंकको विभिन्न परियोजनाका कर्मचारीकोसमेत



सहभागिता थियो ।

विश्वबैंक तथा अन्तरराष्ट्रिय मुद्रा कोषको वार्षिक बैठकमा भाग लिन अर्थमन्त्री खनाल आइतबार वासिङ्टन डिसी आइपुग्नुभएको हो ।

# अर्थतन्त्रको आकार ६१ खर्ब सात अर्ब, वृद्धिदर ४.६१ प्रतिशत

दैनिक समाचारदाता
काठमाडौँ २८ असोज । गत आर्थिक वर्ष २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर चार दशमलव ६१ प्रतिशत र अर्थतन्त्रको आकार रु ६१ खर्ब सात अर्ब २२ करोड बराबर देखिएको छ ।

अर्थ मन्त्रालयले आज सार्वजनिक गरेको गत आर्थिक वर्षको वार्षिक प्रतिवेदनअनुसार गत आवमा कुल रु १८ खर्ब ६० अर्ब ३० करोड बजेट विनियोजन गरिएकामा रु १५ खर्ब १२ अर्ब ९८ करोड अर्थात् ८१ दशमलव ३३ प्रतिशत खर्च भएको छ ।चालु खर्चमा रु ११ खर्ब ४० अर्ब ६७ करोड विनियोजन भएकामा रु नौ खर्ब ५६ अर्ब ३६ करोड अर्थात् ८३



दशमलव ८४ प्रतिशत खर्च भएको छ । पुँजीगततर्फ रु तीन खर्ब ५२ अर्ब ३५ करोड विनियोजन भएकामा रु दुई खर्ब २३ अर्ब ९४ करोड अर्थात् ६३ दशमलव ५६ प्रतिशत खर्च भएको छ । वित्तीय व्यवस्थातर्फ रु तीन खर्ब ६७ अर्ब २८ करोड विनियोजन भएकोमा रु तीन खर्ब ३२ अर्ब ६७ करोड अर्थात् ९० दशमलव ५८ प्रतिशत खर्च भएको प्रतिवेदनमा जनाइएको छ ।गत आर्थिक वर्षमा कुल रु ११ खर्ब ९६ अर्ब १८ करोड ९८ लाख राजस्व सङ्कलन भएको छ । जसमध्ये कर राजस्व रु १० खर्ब ४९ अर्ब ८७ करोड ५४ लाख, गैरकर राजस्व रु एक खर्ब २८ अर्ब ९४ करोड ४८ लाख र अन्य प्राप्ति रू १७ अर्ब ३६ करोड ९६ लाख रहेको अर्थ मन्त्रालयले जनाएको छ । बजेटमा लक्ष्य गरिएको राजस्व सङ्कलन लक्ष्य रु १४ खर्ब १९ अर्ब ३० करोड ३० लाखको तुलनामा ८४ दशमलव २८ प्रतिशत राजस्व सङ्कलन भएको हो । गत आर्थिक वर्षमा अनुदान रु २३ अर्ब ५३ करोड र ऋृण रु एक खर्ब २५ अर्ब ४० करोड गरी कुल रु एक खर्ब ४८ अर्ब ९३ करोड वैदेशिक सहायता प्राप्त भएको छ। गत आवको कुल वैदेशिक सहायतामध्ये अनुदान १५ दशमलव ८० प्रतिशत र ऋृण ८४ दशमलव २० प्रतिशत बराबर हो ।घाटा बजेट परिपूर्तिका लागि गत आवमा सरकारले रु तीन खर्ब २९ अर्ब ९९ करोड आन्तरिक ऋृण रु एक खर्ब २५ अर्ब ४० करोड बाह्य ऋृण गरी कुल रु चार खर्ब ५५ अर्ब ३९ करोड बराबरको सार्वजनिक ऋृण परिचालन भएको छ ।

# मधेश प्रदेशको मुख्यमन्त्रीका लागि दाबी पेश गर्न आह्वान



दैनिक समाचारदाता
जनकपुरधाम २८ असोज । मधेश प्रदेशका प्रमुख सुमित्रा सुवेदी भण्डारीले मुख्यमन्त्री सतिश कुमार सिंहले पदबाट दिनुभएको राजीनामा स्वीकृत गरि नयाँ मुख्यमन्त्रीका लागि दाबी पेश गर्नका लागि आह्वान गर्नुभएको छ ।

प्रदेश प्रमुख भण्डारीले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई भोली ४ बजेसम्ममा मधेश प्रदेशका मुख्यमन्त्री दलका लागि दाबी पेश गर्नका लागि आह्वान गर्नुभएको हो ।

मधेश प्रदेश सभामा रहेका तीन दलले विना प्रक्रिया नै प्रदेश प्रमुखको कार्यालयमा दाबी पेश गर्नुभएको थियो । नेपाली काँग्रेसका संसदीय दलका नेता कृष्ण प्रसाद यादवलाई मुख्यमन्त्री बनाउने गरि नेकपा एमाले, नेपाली काँग्रेस तथा जनमत पार्टीका संसदीय दलका नेताले हस्ताक्षर गरेर दाबी पेश गर्नुभएको थियो ।

यी तीन दलका बीचमा विभाजन नभएको खण्डमा बहुमत हुने अवस्था भए पनि जनमत पार्टी विभाजन भएको खण्डमा बहुमत हुने अवस्था नभएकाले अन्य दलहरुबीच गठबन्धनको सम्भावना पनि रहेको छ ।

## बागमतीमा....

बैठकअघि ७ वटा मन्त्रालय कायम गर्ने निर्णय गरिसकेको थियो । उक्त निर्णयलाई दलका नेता तथा पूर्वमन्त्री जगन्नाथ थपलियाले बैठकमा प्रस्तुत गरेका थिए । यसै सन्दर्भमा प्रदेश सरकारले गत ३ असोजमा कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलको संयोजकत्वमा उच्चस्तरीय प्रशासनिक पुनर्संरचना अध्ययन समिति गठन गरेको छ । समितिले मन्त्रालय समायोजन र संरचना पुनर्गठनका लागि कार्य अगाडि बढाएको छ ।

मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ पनि मन्त्रालय संख्या घटाउने पक्षमा छन् । उनी मुख्यमन्त्री बनेपछि मन्त्रालय संख्यामा कटौतीको गृहकार्य अघि बढाइएको हो ।

गत २ असोजमा बसेको सर्वदलीय बैठकमा पनि अनावश्यक संरचना खारेज गर्ने र मन्त्रालय संख्यामा पुनर्विचार गर्ने सहमति भएको थियो ।

२०७४ देखि अहिलेसम्म बागमतीमा पटक(पटक गठबन्धन परिवर्तन र भागबण्डाका कारण मन्त्रालय संख्या बढाउँदै ल्याइएको थियो । अष्टलक्ष्मी शाक्य, राजेन्द्र पाण्डे, शालिकराम जम्कट्टेल र बहादुर सिंह लामाको कार्यकालमा मन्त्रालय संख्या निरन्तर बढाइएको थियो । पहिले बनाइएको अध्ययन कार्यदलले एक मन्त्रालय सञ्चालन गर्न वार्षिक करिब ७३ लाख रुपैयाँ खर्च हुने देखाएको थियो । त्यसैले, वर्तमान सरकार मन्त्रालय संख्या घटाएर प्रशासनिक खर्च कम गर्ने तयारीमा जुटेको छ ।

## विश्व कराते छनोटमा नेपालका चार खेलाडी

दैनिक समाचारदाता
काठमाडौँ, २८ असोज । विश्व कराते च्याम्पियनसिपको छनोट प्रतियोगितामा नेपालबाट चार खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् । यही अक्टोबर १७ देखि १९ तारिखसम्म फ्रान्सको पेरिसमा हुने छनोट प्रतियोगिताका लागि चार खेलाडीसहित छ सदस्यीय नेपाली टोली बुधबार त्यसतर्फ प्रस्थान गर्दैछ ।

प्रतियोगितामा एक पुरुष र तीन महिला खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । स्वनिम मानन्धरले पुरुष एकल कातामा आफ्नो कौशल प्रस्तुत गर्नेछन् । महिला ६८ किलोमाथि एरिका गुरुङ, ५० किलोमुनि वर्षा बुढा र ५५ किलोजीमुनि सविना श्रेष्ठले चुनौती पेस गर्नेछन् ।

स्वनिमको स्पर्धामा ४९, एरिकाकोमा ३४, वर्षाकोमा ३८ र सविनाकोमा ४६ प्रतिद्वन्द्वी छन् । यो छनोटको हरेक स्पर्धामा शीर्ष छ स्थानमा रहने खेलाडी इजिप्टको काइरोमा आगामी नोभेम्बर २७ देखि ३० तारिखसम्म हुने विश्व कराते च्याम्पियनसिपको २७ औँ संस्करणका लागि छनोट हुनेछन् ।

छनोट अघि हरेक स्पर्धाबाट २४ खेलाडी विश्व च्याम्पियनसिपका लागि छनोट भइसकेका छन् । एक स्पर्धामा ३२ खेलाडी सहभागी हुन पाउने छन् । बाँकी दुई खेलाडी विश्वविद्यालय कोटाबाट छानिने छन् ।




'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४